निर्णय नं. १

विपद व्यवस्थापन समितिबाट सिफारिस भएवमोजिम तपसिल वमोजिमका निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो ।

- रत्ननगर न. पा. वडा नं. ९ निवासी श्री धनन्जय शर्माको घरको छाना हावाहुरीबाट क्षति भएकोले रू. ५,०००। (पांच हजार मात्र) विपद व्यवस्थापन शिर्षकबाट उपलव्ध गराउने निर्णय गरियो ।
- रत्ननगर वडा नं. ११, पंचकन्या सामुदायिक वन स्थित ल्याण्डफिल साईटको सेयरवाल निर्माण र ग्याविन जालि लगाउन आवश्यक भएको हुंदा सो योजनाको लागि पूर्वाधार विकास शाखाबाट ल.ई. वमोजिम रू. ११,१८,७२७।५३ (एघार लाख अठार हजार सात सय सत्ताईस रूपैया पैसा त्रिपन्न मात्र) विपद व्यवस्थापन शिर्षकबाट उपलव्ध गराउने निर्णय गरियो ।
- रत्ननगर ७ को पत्रानुसार ग्याविन तारजाली माग भैआएकोले नगरपालिकामा मौज्द्यात रहेको ४० प्रतिशत जाली वडा नं. ७ र ८ को सिमानामा रहेको चित्रसारी पुल नजिक तटवन्धन गर्न वडा नं. ७ लाई उपलव्ध गराउने र बांकी वडा नं. ८ र ३ लाई उपलव्ध गराउने ।

निर्णय नं. २:

यस नगरपालिकाको नाममा रहेको बा.२ भ १२१७ नं. को निशान गाडी मर्मत गर्नुपर्ने भई विभिन्न कम्पनीबाट सूचीकृत भएका मध्ये न्यूनतम कबोल गर्ने ABS Export Import Pvt. ले मर्मत लागत कबोल गरेको अंक रू. ४,९८,३८६।५० (अक्षेरूपी चार लाख अन्ठानव्वे हजार तीन सय छयासी रूपैया पैसा पचास मात्र) मा मर्मत गरी भुक्तानी माग भै आएको रकम रू. ४,९८,३८६।५० (अक्षेरूपी चार लाख अन्ठानव्वे हजार तीन सय छयासी रूपैया पैसा पचास मात्र) भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ३

भूमिहिन दलित, भूमीहिन सुकुम्वासी र अव्यस्थित वसोवासीको व्यवस्थापनका लागि प्रकासित सूचना अनुसार संकलित लगत/निवेदनको तथ्यांक प्रविष्टीको लागि प्रति निवेदन रू. २०।(बीस) दिने निर्णय भएकोमा तथ्यांक प्रविष्टी गर्दा निवेदनका साथै अन्य कागजात र तथ्यांक सफ्टवेयरमा अपलोड गर्नुपर्ने भई धेरै श्रम र समय लाग्ने भएकोले प्रति निवेदन रू. ३५।(पैतिस) भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ४:

रत्ननगर नगरपालिकाद्धारा बालमैत्री स्थानीय शासन अवलम्वन गरिएको र बालमैत्री स्थानीय शासन कार्यक्रमको प्रवर्द्धन गर्न निर्धारण गरिएका सूचकहरू पुरा गर्न स्थानीय तहमा रहेका सम्पूर्ण सरोकार पक्षसंग समन्वय तथा सहकार्य गर्न बालमैत्री डेस्क स्थापना गरी सम्पर्क व्यक्तिमा महिला विकास अधिकृत श्री दीपा घिमिरे शर्मालाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ५:

रत्ननगर नगरपालिका भित्र रहेका विद्यालयस्तमा बालक्लव गठन गरी उनीहरूको प्रतिनिधित्वमा वडा, नगरस्तरीय बालक्लव संजाल गठन गर्ने र स्वीकृत ढांचामा बालक्लवको सूचिकृत तथा अभिलेखिकरण अध्यावधिक गर्ने निर्णय गरियो

निर्णय नं. ६:

बालमैत्री स्थानीय शासन युक्त नगरपालिका घोषणा र घोषणा पश्चात बालमैत्री सूचकहरूको दीगोपनाको निम्ती नगरपालिकाद्धारा तयार गरिएको बालमैत्री रणनीतिक योजना २०७७/०७८–२०८२/०८३ कार्यान्वयनमा ल्याई बालबालिकाको चौतर्फी विकासका लागि तोकिएका कार्यक्रमहरू संचालन गर्ने निर्णय गरियो ।